## बैठक संख्याः ३२

आज मिति २०७५।०४।३० गतेका दिन यस कनकाई नगरकार्यपालिकाका प्रमुख श्री राजेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा वडाअध्यक्ष तथा कार्यपालिका सदस्य सहितको उपस्थितिमा कनकाई नगरकार्यपालिकाको बैठक नगरपालिकाको कार्यालयमा बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति–**

| | | |
|---|---|---|
| १. नगर प्रमुख | श्री राजेन्द्र कुमार पोखरेल– | |
| २. नगर उप प्रमुख | श्री मञ्जु प्रसाई– | |
| ३. वडा अध्यक्ष | श्री रोशन राज पोखरेल– | |
| ४. वडा अध्यक्ष | श्री परशुराम गिरी – | |
| ५. वडा अध्यक्ष | श्री रुद्र प्रसाद चिमरीया– | |
| ६. वडा अध्यक्ष | श्री गोबिन्द प्रसाद पौडेल– | |
| ७. वडा अध्यक्ष | श्री कृष्ण बहादुर राई– | |
| ८. वडा अध्यक्ष | श्री लक्ष्मी प्रसाद ओली – | |
| ९. वडा अध्यक्ष | श्री लीला बहादुर कन्दङ्वा– | |
| १०. वडा अध्यक्ष | श्री प्रेम बहादुर कटुवाल– | |
| ११. वडा अध्यक्ष | श्री प्रेम प्रसाद राजवंशी– | |
| १२. कार्यपालिका सदस्य | श्री सिता अधिकारी– | |
| १३. कार्यपालिका सदस्य | श्री साबित्रा बर्देवा– | |
| १४. कार्यपालिका सदस्य | श्री चुवा लाल राजवंशी– | |
| १५. कार्यपालिका सदस्य | श्री देवेन्द्र कुमार दर्जी– | |
| १६. कार्यपालिका सदस्य | श्री कृष्ण माया भुजेल– | |
| १७. कार्यपालिका सदस्य | श्री सुनिता खरेल सिग्देल– | |
| १८. कार्यपालिका सदस्य | श्री नवलकिशोर दत्त कायस्थ– | |
| १९. कार्यपालिका सदस्य | श्री मुना वयलकोटी | |
| २०. कार्यवाहक वडा अध्यक्ष | श्री देवि प्रसाद अधिकारी | |
| २०. सदस्य सचिव | श्री देवेन्द्र कार्की | |

प्रस्तावहरु

१. घैलाडुब्बा पशुवजार ठेक्का संझौता सम्वन्धमा ।
२. गत आ.व.को नगद मौज्दात बाँडफाँड सम्वन्धमा ।
३. स्थानीय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि २०७५ सम्वन्धमा ।
४. आ.इ.इ. प्रतिवेदन सम्वन्धमा ।
५. फोटो प्रदर्शनी कार्यक्रम सम्वन्धमा ।
६. सम्पत्ति विवरण पेश सम्वन्धमा ।
७. नक्सापास सम्वन्धि सूचना आव्हान सम्वन्धमा ।
८. घैलाडुब्बा वजार ठेक्का सम्वन्धमा ।
९. जामुनवारी सामुदायिक वन संग सम्झौता सम्वन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा वोलकवोलको माध्यवाट घैलाडुब्बा पशुवजार ठेक्काको लागि छनौट भएको ठेकेदारले एकमुष्ठ रकम बुझाउदा दस प्रतिशत रकम छुट र चार हप्ता सम्म नगरपालिकाले उक्त बजारवाट उठाएको रकम मिलान गरिदिन निवेदन पेश गरेकोमा अन्य ठेक्कामा जस्तै यसमा पनि कबोल अंक एक मुष्ट बुझाएमा दश प्रतिशत छुट दिने र नगरपालिकाले चार हप्तामा उक्त बजार बाट उठाएको रकम मिलान गर्न नसिकने भएकोले सोही वमोजिम हुने गरी ठेक्का संझौता गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आर्थिक बर्षको नगद मौज्दात रकम रु ३६१३४५६१।- (तीन करोड एक्सट्ठि लाख चौतिस हजार पाँच सय एकसट्ठी मात्र) लाई गत आर्थिक बर्षवाट क्रमागत आयोजनाका रुपमा संञ्चालनमा रहेका संलग्न वमोजिमका आयोजनाहरुमा रकम बाँडफाँड गर्ने साथै उक्त आयोजनाहरु कार्य सम्पन्न भइ विल भरपाइ प्राप्त भएमा भुक्तानी गर्ने र बाँकी रकमबाट अन्य आय शिर्षकमा नगर सभाबाट छनौट भएका आयोजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाइ नगरपालिकाको राजपत्र प्रकाशन गर्ने कार्यलाई व्यवस्थित गर्न पेश भएको स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५अध्ययन गरी आगामी कार्यपालिकाको वैठकबाट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरकार्यपालिकामा पेश भएको कनकाइ नदी र विरिङ्ग नदीको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदनमा केही संशोधन गर्नु पर्ने देखिएकोले प्राप्त भएका सुझावहरुलाई समावेश गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आम सञ्चार डटकमले कनकाइ नगर क्षेत्रका महत्वपूर्ण क्षेत्रहरुको फोटो खिची सुरुङ्गा जेशिसको सम्मेलनमा र कनकाई माई मेलामा प्रदर्शनी गर्न आवश्यक रकम माग भएकोले सो कार्य सम्पन्न गर्न आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रचलित ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम निर्वाचित जनप्रतिनिधिहरु सम्पति विवरण पेश गर्नु पर्ने भएकोले सोही वमोजिम विवरण कार्यलयमा पेश गरी नियमानुसार प्रदेश मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल सम्म घर नक्सा पास नगरी बनेका संरचनाहरुलाई २०७५ चैत्र मसान्त सम्मको समयअवधि भित्रमा नियमानुसार घर नक्सा पास गर्न म्याद प्रदान गर्ने र २०७५ भाद्र १ गते बाट नक्सा पास नगरी घर बनाएको पाइएमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम जरिवाना गरिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा घैलाडुब्बा वजार ठेक्काको लागि दुइ पटक सूचना प्रकाशन र एक पटक वोलकबोल गर्दा पनि कुनै प्रस्ताव पेश नभएकोले सो वजारको वाहाल विटौरी तथा अन्य कर उठाउन वडा कार्यालय वडा नं. ९ लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ९

कनकाई नगरपालिकाको ८५ प्रतिशत र जामुनवारी सामुदायिक बनको १५ प्रतिशत संयुक्त लगानिमा निर्माण भएको वाल उद्यानवाट प्राप्त हुने आयको बाँडफाँड नगरपालिकालाई २५ प्रतिशत र सामुदायिक बनलाई ७५ प्रतिशत हुने गरी करार संझौता गर्ने निर्णय गरियो ।

कनकाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

आर्थिक वर्ष २०७४/७५ को नगद मौज्दात रकमबाट देहायका क्रमागत योजनाहरुमा कार्य सम्पन्न भइ आएमा भुक्तानि हुने गरी रकम बाँडफाँड गरियो ।

| सि.नं. | आयोजना/ कार्यक्रम | विनियोजित रकम (रु.) |
|---|---|---|
| १. | भुरुङ्ग खोलाको पुल निर्माण | ३००००००।- |
| २. | जेशिस मार्ग कालोपत्रे | ११०००००।- |
| ३. | खेम शिवाकोटीको घर पश्चिम बाटो कालोपत्रे वडा न. ४ | १००००००।- |
| ४. | सुरुङ्गा चम्पापुर सडक कालोपत्रे | १२४२०००।- |
| ५. | दुर्गापुर बजार कालोपत्रे | १४१४०००।- |
| ६. | कार्यालय भवन निमार्ण | ५००००००।- |
| ७. | वडा न. ५ मन्दिर निर्माण/ कृष्ण मन्दिर | ५००००।- |
| ८. | सडक मर्मत सम्भार | ५०००००।- |
| ९. | युवा स्वरोजगार कार्यक्रम | २७९६०००।- |
| १०. | जेष्ठ नागरिक चौतारी निर्माण वडा न. ९ | ३०००००।- |
| ११. | जेष्ठ नागरिक चौतारी निर्माण वडा न. ८ | ५०००००।- |
| १२. | झरना बस्ती बाल बिकास केन्द्र वडा न. ३ | ३०००००।- |
| १३. | जामुनखाडी चिल्ड्रेन पार्क निर्माण | २६०००००।- |
| १४. | शान्ती मार्ग ड्रेन निर्माण | ५५०००।- |
| १५. | होमस्टे अवलोकन माझी गाउँ राजवंशी टोल सुकेडागी र भुरुङ्गा | २०००००।- |
| १६. | ल्याब मेशीन खरिद | ९५००००।- |
| १७. | टोटल स्टेशन खरिद | ८५३०००।- |
| १८. | सिमसार मार्ग कालोपत्रे | १०००००।- |
| १९. | इलाका प्रहरी कार्यालय घैलाडुब्बा | २०००००।- |
| २०. | सर्भर समेशीन,क्यु मेनेज मेशीन, इन्भटर लगायत | ८०००००।- |
| २१. | सुचनाको हक सम्बन्धी कार्यक्रम | ३०,०००।- |
| २२. | पर्यटन गुरुयोजना निर्माण | २,१९,१७०।- |
| २३. | सुरुङ्गा पशुबजार काउन्टर निमार्ण | १२५०००।- |
| २४. | उद्योग स्थापना साझेदारीमा | १०००००००।- |
| २५. | हुलाकी मार्ग पूर्व सन्थाल टोल जाने | १,५०,०००।- |
| २६. | सुरुङ्गा बजारमा सार्वजनिक सौचालय निर्माण | ४,७०,०००।- |
| २७. | कृषि मार्ग कजवे निर्माण वडा नं. २ | ७५०००।- |
| २८. | कार्यलय प्रयोजनको लागि सवारी साधन भाडा | २०००००।- |